स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरीले पहिलोपटक सहकार्य गरेको फिल्म "खुस्मा"को छायांकन नसकिँदै प्रदर्शन मिति घोषणा गरिएको छ । संविधान दिवसको सार्वजनिक विदालाई लक्षित गर्दै आगामी असोज ३ गते अर्थात् बिहीबार बाट फिल्म प्रदर्शनमा आउने भएको छ । निर्माण टिमले यसै साताबाट फिल्मको दोस्रो चरणको छायांकन सुरु गर्दै प्रदर्शन निश्चित गरेको हो । दोस्रो चरणको छायांकन मगर समुदायको उद्गम स्थल मानिने पूर्वी रुकुमको मैकोट गाउँमा भैरहेको छ ।

**आजको विचार...**



श्रीमननारायण

हुलाकी...
(दुई पेजमा)



गायक प्रकाश सपूतले फिल्म अभिनयलाई निरन्तरता दिने भएका छन् । उनको डेब्यु फिल्म "परदेशी २" रिलिज भएको थियो, जुन व्यावसायिक रुपमा सफल पनि भयो । अब उनले दोस्रो फिल्मको रुपमा "पूर्ण बहादुरको सारङ्गी"मा काम गर्ने भएका छन् । शुक्रबार निर्माण टिमले फिल्ममा उनी कलाकारको रुपमा अनुबन्धित भएको जानकारी गराएको छ । सरोज पौडेलको निर्देशनमा बन्न लागेको फिल्मको केही दिनअघि मोसन पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको थियो । जसमा अभिनेता विजय बरालले "भ्वाइस ओभर" दिएका थिए ।

❑ वर्ष २९ ❑अंक २६७ ❑ २०८१ वैशाख १५ गते शनिबार 27 April 2024, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# संघ र प्रदेशका सभामुख, उपसभामुखको भेला पाल्पामा

## भन्छन्– 'सदनहरु नियमित चलाउन सबैले पहल गरौं, जनताका मुद्दाहरु सम्बोधन गर्न सके मात्र संघीयता कार्यान्वयन हुन्छ'

कृष्ण पोखरेल

**पाल्पा,** वैशाख १४/पाल्पाको तानसेनमा शुक्रबारदेखि संघीय संसद् र प्रदेश सभा तथा सचिवालयबीच अन्तर व्यवस्थापिका अनुभव आदान-प्रदान कार्यक्रम सुरु भएको छ । दुई दिनसम्म चल्ने कार्यक्रमको प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले उद्घाटन गरेका हुन् ।

कार्यक्रमको उद्घाटन सभालाई सम्बोधन गर्दै सभामुख घिमिरेले संघ तथा प्रदेशका व्यवस्थापिका संसदलाई दिगो, स्थायी रुपमा प्रभावकारी रुपमा सञ्चालन गर्न सके मात्र संघीयताको पूर्ण कार्यान्वयन गर्न सकिनेमा जोड दिए । उनले केन्द्रमा राजनीतिक दलको समिकरण परिवर्तनले सरकार सञ्चालनमा प्रभाव परेको र संसद प्रभावित हुँदै आएकाले व्यवस्थापिकालाई बलियो बनाउने गरी कानुनहरु निर्माण गर्न आवश्यक रहेको बताए । 'प्रदेशहरु स्वायत्त भनिएता पनि केन्द्रमा राजनीतिक समिकरण परिवर्तन हुने वित्तिकै प्रदेशहरुमा हलचल पैदा हुने अवस्थाको अन्त्य गरेर जान सकेमात्र संघीयतालाई पूर्णरुपमा लागु गर्न सकिन्छ' सभामुख घिमिरेले भने ।




देशमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाहरुको आ-आफ्नै नीति, नियम कानुन अनुसार सञ्चालन भए पनि पछिल्लो समयमा कार्यपालिका र न्यायपालिकाले संसदको अधिकार माथि हस्तक्षेप गर्दै आएकोमा उनले असन्तुष्टि जनाए । सभामुख घिमिरेले भने 'विषयवस्तुको महत्व तथा प्रभावकारिता आफ्नो ठाउँमा छ तर जनताबाट निर्वाचित जनप्रतिनिधिहरुको सर्वोच्च संस्था व्यवस्थापिका संसदबाट पारित भएको निर्वाचन पूर्वाधार विकास कार्यक्रम अदालतबाट रोकिनु राम्रो हैन ।' उनले कुनै पनि दलको प्रभाव संसदमा नपरोस्, ससंद अवरुद्ध नहोस्, राजनीतिक दलहरुको सहभागिता र सहमतिमा निश्चित कानुन बनाएर संघ तथा प्रदेशसभाका सदनहरु नियमित रुपमा चलाउन सबैले पहल गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा राष्ट्रिय सभाकी उपाध्यक्ष विमाल घिमिरेले सदनहरुलाई बलियो, तथा प्रभावकारी बनाएर जनताका मुद्दाहरुलाई सम्बोधन गर्न सके मात्र संघीयतालाई दिगो रुपमा कार्यान्वयन गर्न सकिने बताईन् । अहिले तीन तहको सरकार भएकाले संघमा कानुन नबन्दा प्रदेशमा परेको अफठ्यारो, प्रदेशमा कानुन नबन्दा स्थानीय सरकारमा परेको समस्या तथा कठिनाको बारेमा आईपरेका समस्या तथा समाधानको विषयमा भेला महत्वपूर्ण रहने उनले विश्वास व्यक्त गरिन् । भेलामा संघीय संसद सचिवालयको तर्फबाट उत्तर विधायिकी परिक्षण सम्बन्धी अवधारणापत्र, लुम्बिनी प्रदेश सभा सचिव दुर्लभकुमार पुन मगरले संसदीय बजेट सेवा सम्बन्धी अवधारणपत्र, संविधानविद् काशीराज दाहालले अन्तर व्यवस्थापिका मञ्च सम्बन्धी अवधारणपत्र प्रस्तुत गरेका थिए । भेलामा संघ तथा ७ वटै प्रदेशका सभामुख, उपसभामुख तथा सचिवहरुले आ-आफ्ना अनुभवहरु आदान-प्रदान गरेका थिए । संघीयतालाई पूर्णरुपमा कार्यान्वयन गर्न र गराउन भेला महत्वपूर्ण हुने आयोजक लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्ती मगरले बताए ।

भेलाबाट आएका सुझाव, तथा गतिविधीहरुलाई सभामुख देवराज घिमिरे, राष्ट्रियसभाकी उपाध्यक्ष विमाल घिमिरे, ७ वटै प्रदेशका सभामुख तथा उपसभामुख केन्द्र तथा प्रदेशका सचिवहरुको उपस्थितिमा शनिबार पाल्पा घोषणापत्र जारी गर्ने कार्यक्रम रहेको आयोजक पक्षले जनाएको छ ।

**संक्षिप्त समाचार**

## सहकारी पीडितले गृहमन्त्रीलाई भेटे

**काठमाडौं,** वैशाख १४/सहकारी सम्बन्धी समस्या द्रुत प्रक्रियाबाट समाधान गर्ने पहल गरकोमा सहकारी पीडितले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले धन्यवाद दिएका छन् । शुक्रबार सिंहदरबारमा गृहमन्त्री लामिछानेसँग भएको भेटमा सहकारीपीडितले सहकारीसम्बन्धी समस्या समाधान चाँडो गर्न सुझाव दिएको गृहमन्त्री लामिछानेको सचिवालय सदस्य प्रतिभा रावलले जानकारी दिए ।

गृहमन्त्री लामिछानेले सहकारीका कारण नागरिकको घरबास उठ्ने अवस्था आएकाले आफूले त्यसलाई टुलुटुलु हेरेर बस्न नसक्ने बताए । सरकारले सहकारी ठगका नाममा रहेको सम्पत्ति र उनीहरुले आफ्ना आफन्तका नाममा बनाएको सम्पत्ति बेचेर भए पनि बचतकर्ताको रकम फिर्ता गर्ने गरी काम गर्ने उनले बताए ।

गृहमन्त्री लामिछानेले सहकारीको समस्या छिटो समाधान गर्न आवश्यक रहेको भन्दै बिहीबारको मन्त्रिपरिषद् बैठकमा लिखित रुपमै पत्र पेस गरेका थिए । मन्त्रिपरिषद् बैठकले उक्त समस्या द्रुत प्रक्रियाबाट समाधान गर्ने निर्णय गरेको थियो । *-रासस*

## गुल्मीमा मोटरसाइकल दुर्घटनामा एकको मृत्यु



**गुल्मी,** बैशाख १४/गुल्मीमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । रिडी -तम्घास सडक खण्डस्थित गुल्मीदरबार गाउँपालिका-३ म्यालपोखरीमा गौडाकोटदेखि बिरवासतर्फ जाँदै गरेको लु ३५ प ५४८४ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा गुल्मीदरबार गाउँपालिका-३ राजाका २९ वर्षीय अनिलराज घर्ती रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका डीएसपी शंकर पोखरेलले बताए । दुर्घटनामा गम्भीर घाइते भएका घर्तीको उपचारका लागि जिल्ला अस्पताल तम्घास पठाइएकोमा डाक्टरले मृत घोषणा गरेका हुन् । दुर्घटनामा गुल्मीदरबार-४ भट्टेचौरका ३१ वर्षीय यमबहादुर सूर्यवंशी घाइते भएका छन् । घाइते सूर्यवंशीको मिसन अस्पताल पाल्पामा उपचार भइरहेको छ । मोटरसाइकल आफै अनियन्त्रित भई सडकदेखि ३० मिटर तल खस्न गई दुर्घटना भएको प्रहरीले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी पोखरेलले जानकारी दिए ।

## इलाम र बझाङमा आज उपनिर्वाचन, एमाले र काँग्रेसबीचमै मुख्य प्रतिस्पर्धा

**पाल्पा,** बैशाख १४/प्रतिनिधिसभा र प्रदेश सभा सदस्यका लागि शनिबार (आज) विभिन्न २ जिल्लाका २ वटा क्षेत्रमा उपनिर्वाचन हुँदैछ । बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म हुने मतदानका लागि आवश्यक सबै तयारी मिलाइएको निर्वाचन आयोगले जनाएको छ ।

इलाम प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ र बझाङ प्रदेश सभा क्षेत्र नम्बर १ (१) मा उपनिर्वाचन हुने भएकाले ती क्षेत्रमा शनिबार अत्यावश्यक बाहेक सवारीसाधन सञ्चालनमा प्रतिबन्ध लगाइएको छ । निर्वाचनलाई कुनै पनि अवाञ्छित गतिविधिबाट प्रभावित हुन नदिन आफू दृढ संकल्पित रहेको निर्वाचन आयोगले जनाएको छ । आयोगले भनेको छ, 'उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न सबैको सकारात्मक सहयोग र इमानदार प्रयत्न हुनेछ भन्ने विश्वास व्यक्त गर्दछ ।' निर्वाचनलाई सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गर्न लागि प्रहरी परिचालन गरिएको छ । इलाम क्षेत्र नं २ र बझाङ प्रदेशसभा




(क) मा दुई हजार तीन सय ८७ प्रहरी जनशक्ति परिचालन गरिएको गृह मन्त्रालयले जनाएको छ । निर्वाचनलाई सफल बनाउनका लागि प्रहरीले इलामका ७९ मतदानस्थलका एक सय ४९ मतदान केन्द्रमा एक हजार तीन सय ६३ प्रहरी परिचालन गरेको छ । प्रहरीले इलाममा ३७ केन्द्रलाई अतिसंवेदनशील, ४१ केन्द्रलाई संवेदनशील र ७१ केन्द्रलाई सामान्य प्रकृतिको रुपमा लिएको छ । प्रहरीले अतिसंवेदनशीलमा १२ देखि १७, संवेदनशीलमा नौदेखि १४ र सामान्यमा आठदेखि १३ प्रहरी खटिएको जनाएको छ । बझाङ प्रदेशसभा (क) को ७४ मतदानस्थलको ९३ मतदान केन्द्रमा एक हजार २४ प्रहरी जनशक्ति परिचालन गरेको छ । सो क्षेत्रमा ३२ केन्द्रलाई अतिसंवेदनशील, ३० केन्द्रलाई संवेदनशील र ३१ केन्द्रलाई सामान्य प्रकृतिको रुपमा रहेको जनाइएको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बढ्दो वायु प्रदूषण

विगत केही हप्तायता देशभरि नै वायु प्रदूषण बढिरहेको छ । डढेलोका कारण वायु गुणस्तर अत्यन्तै अस्वस्थ स्तरमा पुगेको छ । हाम्रै आँखाले प्रष्ट देखिने गरी प्रदूषण बढेको छ । यो अवस्थामा प्रदूषणले कुनै न कुनै किसिमको स्वास्थ्य समस्या हुनसक्छ । छाला र आँखा चिलाउने, आँखा पिरो हुने, धुँवा गन्ध आउने र एलर्जी बढ्ने जस्ता समस्या वायु प्रदूषणका कारण निम्तिने गरेको छ । पानी नपर्ने र बेस्सरी हावाहुरी नआउने हो भने यो प्रदूषण अरु केही समय लम्बिन सक्ने निश्चित छ । जलवायु परिवर्तनले खडेरी र तापक्रम बढ्दै जाँदा भविष्यमा वन डढेलो पनि थप बढ्ने देखिएको छ ।

उद्योग, सवारीसाधन लगायतका कारण हुने प्रदूषण त बाह्रैमास देखिने गरे पनि विशेषगरी अप्रिल महिनामा त्यसको असर तीव्र देखिने गर्छ । यो मौसममा एकातिर पानी नपरेर वातावरण सुख्खा हुने र अर्कोतिर डढेलो र आगलागीजस्ता प्राकृतिक प्रकोपमा समेत भारी वृद्धि हुँदा प्रदूषणको विस्तार थप व्यापक बन्न पुगेको छ । वायुको गुणस्तर खतराको सीमाभन्दा माथि पुग्नु जोखिमपूर्ण अवस्था हो । वायु प्रदूषणकै कारण मानव स्वास्थ्यलाई समेत नराम्रोसँग असर गरिरहेको अवस्थामा अहिले स्वास्थ्य सुरक्षाको मापदण्डलाई अनुसरण गर्न अत्यावश्यक छ । त्यसका लागि विशेषगरी मानवीय कारणले हुने वन डढेलोलाई रोकथाम गर्न सतर्कताको तहलाई उच्चरुपमा बढाउनुपर्ने देखिन्छ । वायु प्रदूषणको स्तरलाई कम गराउन विभिन्न कार्यक्रमहरुको घोषणा पनि होला र आयोजना पनि गरिएला तर त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा समस्यामाथि झन् समस्या थपिँदै जाने खतरालाई भने नकार्न सकिँदैन । वायु प्रदूषण के-कस्ता कारणहरुले भैरहेका छन्, तिनका बारेमा समेत निष्कर्षमा पुग्दै नियन्त्रणको उपायहरु अपनाउनुपर्छ । बढ्दो सुख्खायामसँगै वायु प्रदूषणमा वृद्धि हुने भएका कारणले पनि वैशाखमा महिना अझै वायु प्रदूषण बढ्न सक्नेछ । सुख्खा मौसममा हुने डढेलो तथा धुँलोका कणाको समिश्रण वायुसँग हुँदा प्रदूषणको सम्भावना बढी हुन्छ । यसले मानव स्वास्थ्यमा असर गर्ने हुँदा बेवास्ता गरिनु हुँदैन । यसतर्फ तीनै तहका सरकारले समेत तत्काल वायु प्रदूषणका कारण उत्पन्न हुन सक्ने मानव स्वास्थ्य समस्या समाधानका निम्ति आवश्यक प्रबन्धको व्यवस्था गर्नु जरुरी छ ।

## Opinion @ Social Network

समाजमा दुई प्रकारका मान्छेहरु हुन्छन्,
हौसला दिने हिम्मत बढाउने र अर्को मनोबल गिराउने खुट्टा तान्ने ।
(**सुरेश थापा**को *फेसबुक स्टाटस* https://www.facebook.com/***Suresh.thapav***

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हुलाकी सडक देशको आर्थिक विकासको मेरुदण्ड



**श्रीमननारायण**

*विगतमा हुलाकी सडकको विकासमा ध्यान केन्द्रित भएन र अवरुद्ध भयो, यसले मुलुकको अर्थतन्त्रलाई पनि कमजोर बनाउने काम गऱ्यो । जंगलको मध्यभाग भएर राजमार्गको निर्माण भएका कारण यसले एकातिर वन विनाशलाई प्रोत्साहन गऱ्यो भने अर्कोतिर भूस्खलन भई नदीनालाहरूका उब्जाउ मलिलो माटोको सट्टा बालुवा नै कृषियोग्य जग्गालाई पुरिने गरेको छ, यसले गर्दा कृषि उत्पादनमा ह्रास आउनुका साथै तराईका विभिन्न भाग मरुभूमिमा परिणत हुँदैछन् । राष्ट्रपति चुरे संरक्षण अभियान राम्रो थालनी हो तर वन विनाश रोकिएन भने यसको कुनै अर्थ रहँदैन । यसले देशमा पूर्व-पश्चिम राजमार्ग, लोक पहाडी मध्यमार्ग पनि अस्तित्वमा रहेका छन् तर हुलाकी राजमार्गको आफ्नो विशिष्ट महत्व छ । पञ्चायती व्यवस्थाको ३० वर्षमा हुलाकी सडकको विकास भएन । देशमा प्रजातन्त्रको पुनः स्थापना पश्चात दक्षिणी छिमेकी भारतका तत्कालीन प्रधानमन्त्री चन्द्रशेखरको नेपाल भ्रमणका क्रममा हुलाकी सडको निर्माणका लागि भारतले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । भारतीय प्रतिबद्धताकै आधारमा तात्कालीन सरकारले यसको निर्माण गर्ने सक्रियता देखायो । कतिपय कारणले हुलाकी सडकको निर्माण कार्यले गति लिन सकेन ।*

नेपालको आर्थिक विकासमा महत्वपूर्ण भूमिकाको निर्वाह गर्न सक्ने पूर्व-पश्चिम हुलाकी राजमार्गको अपेक्षित विकास हुन नसकेका कारण पनि हाम्रो देशको समुचित विकास हुन सकेन । पञ्चायती व्यवस्थाको ३० वर्षमा यसको उपेक्षा भयो । हुलाकी राजमार्गको स्तरोन्नति र पक्कीकरण गर्नु त टाढाको कुरा पञ्चायत सरकारले यसको अस्तित्व नै नामेट गर्न हरसम्भव प्रयास गऱ्यो । हराभरा जंगललाई विनाश गरेर महेन्द्र राजमार्गको निर्माण गरियो तथा जथाभावी आप्रवासनलाई प्राथमिकता दिने काम भयो । अब पूर्व-पश्चिम राजमार्ग पनि आफ्नो भूमिकाको निर्वाह राम्ररी नै गरिरहेको छ तसर्थ यसको महत्व पनि छ । दक्षिण छिमेकी भारतको आर्थिक सहयोग र हाम्रो सरकारको लगानीमा समेत यो पूर्व-पश्चिम हुलाकी राजमार्गको निर्माण भइरहेको छ । निर्माण कार्य थालिएको सत्र वर्ष भइसक्दा पनि यसले पूर्णता पाउन सकेको छैन । तराई-मधेसका किसान व्यापारीको निम्ति लाइफलाइन मानिएको यो हुलाकी सडकको विकासबाट नै नेपालको कृषि र औद्योगिक विकास सम्भव छ ।

अहिलेको जस्तो पूर्णरूपमा बस्ती विकास नभइसकेको र यातायातको पहुँच नभएको अवस्थामा वर्षौं पहिले यो हुलाकी बाटो अस्तित्वमा आएको थियो । चिठीपत्र बोक्ने हुलाकी हिँड्नलाई एक पोस्टबाट अर्को पोस्टमा छिटो पुग्न सक्ने सिधा बाटो नक्सांकन गरेर हुलाकी सडक अस्तित्वमा आएको थियो । जंगल, झाडी, पर्ती, बुट्यानमा बनाएको हुलाकी सडक यात्रुको मागसँगै बिस्तारै फराकिलो हुँदै गयो । बस्ती विकास र यातायातको सुविधा भएपछि कतिपय हुलाकी सडकहरू पक्की सडकमा परिणत भए भने अधिकांश अस्तित्व नामेट भएर इतिहास बनिसकेका छन् । कतिपय ठाउँका सडक न त पक्की नै बनेका छन् न त अस्तित्व नै समाप्त भएको छ । तराईका प्रायः सबैजसो जिल्ला सदरमुकामलाई छुने यो हुलाकी राजमार्गलाई पदमरोड पनि भनिन्छ । हुलाकी सडक आज पनि कतिपय जिल्लामा निरन्तर रूपमा प्रयोगमा आइरहेको छ । अहिले पनि कतिपय जिल्लाको विकासमा हुलाकी सडकले महत्वपूर्ण भूमिकाको निर्वाह गरिहेको छ । तराईका जिल्लामा जुन ठाउँमा हुलाकी सडकको निर्माण भएको छ, त्यहाँका जनताको अनुहारमा खुसियाली हेर्न सकिन्छ, आवश्यक हेरचाह, मरम्मत एवं निर्माण तथा सरकारी सहयोगको अभावमा यस ऐतिहासिक सडकले आफ्नो अस्तित्वसमेत गुमाउने छ । हुलाकी सडकको विकासका नाममा नेपाल सरकारद्वारा छुट्याउने बजेट साह्रै न्यून हुने गरेका कारण यसको उपयोग कहाँ, कति र कसरी गर्ने ? भन्ने प्रश्न प्राविधिक सामु उठ्ने गर्दथ्यो । कतिपय कारणले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध भएको अवस्थामा यसले राष्ट्र र जनताका आवश्यकतालाई सजिलै पूर्ति गर्ने अवस्था रहेको हुन्छ । स्थानीय किसानहरू विगतका दिनमा सीमावर्ती भारतीय बजारमा पनि आफ्नो उत्पादनलाई विक्री गर्ने गर्दथे अहिले पनि यस्तो गर्न सक्दछन् । यसबाट मुलुकको आर्थिक विकासमा टेवा पनि मिल्न सक्दछ । कतिपय जिल्लामा आज पनि हुलाकी सडकको विकल्पमा अर्को मार्ग छैन । विगतमा हुलाकी सडकको विकासमा ध्यान केन्द्रित भएन र अवरुद्ध भयो, यसले मुलुकको अर्थतन्त्रलाई पनि कमजोर बनाउने काम गऱ्यो । जंगलको मध्यभाग भएर राजमार्गको निर्माण भएका कारण यसले एकातिर वन विनाशलाई प्रोत्साहन गऱ्यो भने अर्कोतिर भूस्खलन भई नदीनालाहरूका उब्जाउ मलिलो माटोको सट्टा बालुवा नै कृषियोग्य जग्गालाई पुरिने गरेको छ, यसले गर्दा कृषि उत्पादनमा ह्रास आउनुका साथै तराईका विभिन्न भाग मरुभूमिमा परिणत हुँदैछन् ।

राष्ट्रपति चुरे संरक्षण अभियान राम्रो थालनी हो तर वन विनाश रोकिएन भने यसको कुनै अर्थ रहँदैन । यसले देशमा पूर्व-पश्चिम राजमार्ग, लोक पहाडी मध्यमार्ग पनि अस्तित्वमा रहेका छन् तर हुलाकी राजमार्गको आफ्नो विशिष्ट महत्व छ । पञ्चायती व्यवस्थाको ३० वर्षमा हुलाकी सडकको विकास भएन ।

देशमा प्रजातन्त्रको पुनः स्थापना पश्चात दक्षिणी छिमेकी भारतका तत्कालीन प्रधानमन्त्री चन्द्रशेखरको नेपाल भ्रमणका क्रममा हुलाकी सडको निर्माणका लागि भारतले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । भारतीय प्रतिबद्धताकै आधारमा तात्कालीन सरकारले यसको निर्माण गर्ने सक्रियता देखायो । कतिपय कारणले हुलाकी सडकको निर्माण कार्यले गति लिन सकेन । २०६२/०६३ को परिवर्तनपछि भारतीय पक्षले नेपाल सरकारबाट छनौट भएका झण्डै डेढ हजार किलोमिटर सडकहरूको डिजाइन, सुपरिवेक्षण र निर्माण तीन चरणमा गर्ने गरी हुलाकी राजमार्ग बनाउने सम्झौता गरेको थियो । त्यसबापत लाग्ने सम्पूर्ण खर्च भारत सरकारले व्यहोर्ने र जग्गा अधिग्रहण, बिजुलीका पोल र रूखहरू हटाउने, हुलाकी राजमार्गमा पर्ने सम्पूर्ण पुलहरूको निर्माण नेपालले गर्ने प्रावधानसहितको योजना बनेको थियो । वि.सं.२०६८/०६९ मा देशभरिका महत्वपूर्ण १७ वटा अयोजनाहरूलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा वर्गीकरण गरियो । तराई मधेशमा निर्वाध आवागमन हुने र सामाजिक तथा आर्थिक गतिविधिमा विस्तार हुने उद्देश्यले हुलाकी सडकलाई राजमार्गको रूपमा परिणत गरिँदै राष्ट्रिय गौरवको आयोजनामा समावेश गरिएको थियो ।

राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकता दिनुपर्ने हुन्छ तर पनि हुलाकी सडकमा त्यति ध्यान पुग्न सकेन । तराई मधेसका २१ जिल्ला हुँदै बन्ने यो सडकले यहाँका झण्डै एक करोड जनता लाभान्वित हुनेछन् । हुलाकी राजमार्ग अन्तर्गत पूर्वदेखि पश्चिमतर्फको लम्बाइ ९७५ किलोमिटर र उत्तरदेखि दक्षिण जोडने विभिन्न ३५ वटा सहायक सडकहरूको लम्बाइ ८८२ किलोमिटर रहेको छ । दुई वर्षअघि नेपालका लागि भारतका तात्कालीन राजदूतले भारत सरकारको आर्थिक अनुदानमा निर्मित हुलाकी सडक खण्ड अन्तर्गतको १४ वटा प्याकेजमध्ये १३ प्याकेजको सडक निर्माण कार्य सम्पन्न भएपछि नेपाल सरकारलाई हस्तान्तरण गरेका थिए । तराई क्षेत्रका सडक पूर्वाधारलाई स्तरोन्नति सन्दर्भमा भारत-नेपालबीच सहबमति भए अनुरूप नै यो काम सम्पन्न भएको हो । यसरी निर्माण सम्पन्न भई हस्तान्तरण गरिएका हुलाकी सडक अन्तर्गतका मनमत-कलैया-मटिअर्वा बारा, वीरेन्द्र बजार-यदुकहा-महिनाथपुर, जनकपुर-यदुकहा, धनुषा, माईस्थान-गौशालाबजार-सम्सी महोत्तरी, जलेश्वर-हर्दी, महोत्तरी, लमही-कोइलाबास दाङ, कानेपोखरी-रंगेली मोरङ, कल्याणपुर-बरसाइन-सुभानपट्टी सप्तरी, तामागढी-सिमरौनगढ बारा र वीरगञ्ज-ठोरी आदि सडक खण्डले कोशी, मधेस र लुम्बिनी प्रदेशका सात सीमावर्ती जिल्लामा अवस्थित यी सडकले झण्डै तीन सय वडा झण्डै डेढ सय गाउँ, १८-१८ वटा गाउँपालिका- नगरपालिका र १ महानगरपालिकाका जनतालाई जोड्न सघाउ पुऱ्याइरहेको छ । नेपालको आर्थिक विकासमा यी सडक खण्डहरू कोशेढुंगा सावित हुने निश्चित छ । हुलाकी सडकको निर्माणबाट सर्वाधिक लाभ तराईका किसानलाई हुनेछ । नेपाली किसानले आफ्नो उत्पादनलाई बजारसम्म पुऱ्याउन एउटा समुचित सडक मार्गको खोजीमा व्यग्र थिए । उनीहरूको यस आवश्यकताको पूर्ति हुलाकी सडकवाट हुने निश्चित छ । नेपाली किसानहरूले आफ्नो कृषि उत्पादनलाई स्थानीय बजार जिल्ला सदरमुकामहरू, राष्ट्रिय राजधानी काठमाडौं र सीमावर्ती भारतीय बजारमा पनि सजिलै बिक्री गरी पैसा कमाउन सक्नेछन् । हुलाकी सडकको निर्माणमा देखिएको ढिलासुस्तीलाई अन्त्य गरी यसको द्रुत निर्माण आवश्यक छ यो हाम्रो आर्थिक विकासमा सहयोगी सावित हुनेछ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : तपाईंको सामान हराउन सक्छ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **तुला** : बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । |
| **वृष** : यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ। | **वृश्चिक** : विवादमा सफलता मिल्नेछ। जटिल ठानिएको काम सम्पादन होला । |
| **मिथुन** : परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । कामले तीव्रता लिनेछ । | **धनु** : पारिवारिक जीवन सामान्य रहनेछ। पढाईमा बढी ध्यान दिनुपर्ने समय छ । |
| **कर्कट** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ । | **मकर** : कारोबारबाट राम्रो फाइदा हुनेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ । |
| **सिंह** : दबाब र तनाव बढेको महसुस हुनेछ। यात्रामा सावधानी अपनाउनु पनि पर्नेछ । | **कुम्भ** : नोकरीमा मानसम्मान पाउने छन्। यात्राको सम्भावनालाई नकार्न सकिँदैन । |
| **कन्या** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । | **मीन** : दिन मनोरञ्जनपूर्ण समय रहला । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । |

# साहित्य दर्पण

कथा — डा. मुक्तराज लामिछाने

## आभास

तारन्तारको फोन ।, दस वटा मेसेज । मेसेजमा- फोन उठाऊ न प्लिज । जस्ट फर वन मिनेट । जस्ट वान्ट हियर यु । अहँ उसले फोन उठाएन । फोनको रिङ्टोन हटायो भाइब्रेसनमा राख्यो । भाइब्रेसन पनि हटायो र मोबाइल ज्याकेटको खल्तीमा राख्यो । बाइक बटाऱ्यो बत्तियो । ज्याकेको खल्तीमा मोबाइलको डिस्प्ले कयौंपटक बले तर उसले न रिङ्टोन सुन्थ्यो न भाइब्रेसन थाहा पाउँथ्यो । तर मनमा फोन आइरहेछ भन्ने आभास पाइ नै राखेको थियो । एक्कासि बाइक मोडियो । त्यै कफी प तिर । मनले मोडेको होइन, खै कसरी हातले मोडेर कफीसपको पार्किङ सम्म डोऱ्यायो । टेबलमा डङग्रङ्ग हेलमेट बिसायो । फ्यात्त सोफामा चाबी हुऱ्यायो । “काम छैन तेरो,” आवेश मिसिएको सामान्य भन्दा चर्को आवाजमा बोल्यो । “बल्ल सुन्न पाएँ आवाज,” जवाफ सोफाको अर्को कुना बाट आयो । मुस्कान सहित फ्याँकेको चाबी हातमा खेलाउँदै । “तेरो फोन फुटाइदिम कि औंला काटिदिऊँ,” रिसको पारो एक डिग्री अझ बढ्यो । बढेको पारो बोलीको भोल्युमले प्रस्ट हुन्थ्यो । “फोन फाल्दे औंला तँलाई छोएर थाकेकै छैन,” मुस्कान यथावत् रहेर उनको जवाफ तुरुन्तै आयो । “सरप्राइज देको कि के हो ? फोन नउठाई सिधै आएर, आई नो हाउ मच यु लभ मि,” अहिले मुस्कानको पनि पारो बढ्यो हल्का लाडिएको आवाज सहित । “किन फोन गरिस् कोई मर्यो र ?” शब्दमा रिस भए पनि हाउभाउमा चैं रिसको पारो कम भएको थियो । “उम् मेरो मन,” मुस्कान रहित सामान्य भाव सहितको उनको जवाफ । ‘‘किन ?” रिसको पारो लगभग शून्यतर्फ थियो । “कफी खाइस् ? खाना खाको कि नाइँ आज ? कति बेर भयो यहाँ बसेको ? चुरोट त खाइनस् नि ? मेरो कसम खाएर छोडेकी थिइस् फेरि खाइस् भने जानेको छु,” उसले सबै कुरा एक श्वासमै सोध्न भ्यायो । उनले एक मुस्कानले सबै कुराको जवाफ दिन सकी । उसले मुस्कानको बदलामा अर्को मुस्कान थपिदियो ।

उनले ब्ल्याक कफी मगाई चिनी बिनाको दुई कप । वेटर एक क्षण अकमक्क परे जस्तो गऱ्यो । टेबलको विपरीत तर्फ हेऱ्यो । अचम्म परेर । “भाइ ! यहाँ नयाँ हो ?” वेटरलाई सोधी । वेटरले हो को भावमा टाउको हल्लायो उनको अर्डर नोट गऱ्यो र तुरुन्तै अलप भयो । उसले अघि साइलेन्समा राखेको मोबाइल ज्याकेटको खल्तीबाट निकाल्ने फुर्सद बल्ल पायो । नोटिफिकेसन थियो ६९ मिस्ड कल फ्रम पागल । मोबाइलको डिस्प्ले उनलाई देखायो अनलक नगरी । उनले जवाफ दिइन्, “ह्वाऊ ६९ माई फेभरेट ।” ऊ नहाँसी नमुस्कुराई बस्नै सकेन । मुस्कानको पारो दुवैको ओठमा र खुसीको पारो दुवैको मनमा बराबर डिग्रीमा थियो । फेसबुक मेसेन्जरको नोटिफिकेसन घर पुग्ने बित्तिकै ट्वाङट्वाङ लगातार बजेको बज्यै गऱ्यो लगभग १५ पटक । लगातार मेसेज आएको रैछ । १५ वटा मेसेज मध्य १३ वटा बिचका मेसेजमा आई मिस यु लेखिएको थियो । पहिलोमा हाई लभ र अन्तिममा ओके बाई लेखिएको थियो । पहिलो मेसेज सेभेन फोर्टि थ्रि पि एममा आएको थियो पन्ध्रौं मेसेज सेभेन फिफ्टि फाईभ पि एम मा । उसले मेसेज हेर्दा सवा आठ भएको थियो । पाँच मिनेट पछि रिप्लाई गऱ्यो । मिस यु टु । टक टु यु लेटर । “म खाना खाएर कुरा गर्छु ल ? मामु खाना कुर्दै होइसिन्छ,” अर्को मेसेज पठायो । अनि मोबाइल चार्जमा राखेर किचनतर्फ लाग्यो । खाना खाएर आउँदा सम्म नौ बजिसकेको थियो । मेसेज देख्यो - आऊ न प्लिज । राइट नाउ । तुरुन्तै । मिसिङ् लाईक हेल । जस्ट कम । “सरि ईट्स टु लेट,” उसले रिप्लाई दियो । फेरि तुरुन्तै लेख्यो । सि यु टुमारो एट कफिसप । मेसेज तुरुन्तै सिन भयो । तुरुन्तै रिप्लाई आयो । “नो आई निड यु एट माई बेड राइट नाउ ।” वाइफाइ अफ गऱ्यो । मोबाइलमा मेसेज आयो । “आउँदै हो ?” उसले रिप्लाई दिएन । पाँच मिनट पछि फोन आयो । उसले फोन उठाएन । त्यसपछिको पाँच मिनटमा छ पटक कल आयो । सातौं पटकको फोन उठायो उसले । सुरुमै भन्यो, “आई कान्ट कम ।” उनले मुस्कुराउँदै भनी, “महोदय कम को स्पेलिङ रिभाईज गरेर बुझ ।” “सि ओ एम ई” अक्षर छुट्टाछुट्टै गरेर स्पेलिङ लेख्यो र मोबाइल छेउमा राखेर आँखालाई भएभरको बल लगाएर चिम्म गर्ने प्रयास गऱ्यो । मोबाइल भाइब्रेट गऱ्यो । एकछिन हेर्ने हिम्मत पनि आएन । फेरि भाइब्रेट गऱ्यो । बाध्य भएर हेऱ्यो । मेसेज थियो “आई नो यु क्यान कम बिईङ् केयरफुल बिईङ् युजफुल बिइङ्रु माइन ।” उसको घरको गेट रातभर खुल्ला बस्यो त्यो दिन अनि उनको घरको गेट राति एघार बजे उसलाई स्वागत गर्दै थियो ।

“आभासको नयाँ फेसबुकमा मलाई किन एड गर्दैन ? म वैतरणी तर्ने हजुरआमाले पनि नाति देख्न हेर्न नपाउने ? सब्बैको फोन लाग्छ सब्बैले देख्न पाउँछन् मैले देख्न नपाउने ? खाछ खाछैन । पढ्छ पढ्दैन ? के गऱ्या छ, कस्तो छ, केई देख्न पाको छैन । तिमीहरूको पो सावाँ हो मेरो ब्याज नाति सर्लक्क परेको कति उज्यालो कति राम्रो । म बोल्न नपाउने ? मेरो नाति मेरो जुनलाई बेकाम्मा बाहिर पठा । त्यो बिरानो देशमा ।” उसको हजुरआमा बिहानैदेखि फत्फताउँदै थिइन् । “आमा नआत्तिनु न आभास ठिक छ । आभासले पढ्दै छ । आभास राम्रो काम गर्दै छ ।” उसको बाबाले आफ्नी आमालाई ढाडस दिन खोजे । बाबाको मन कम चटारोमा चैं थिएन । तर पनि आफ्नी आमा अर्थात् आभासको हजुरआमाको मनलाई ढाडस दिन प्रयासरत थिए । “मेरो फेसबुकमा नातिको फेसबुक हाल्देऊ, मै भिडियो कल गर्छु । तिमेर्को त भर लाग्नै छाड्यो ।” हजुरआमाको जिद्दी यथावत् नै थियो । मुहारमा नातिको न्यास्रो यथेष्ट देखिन्थ्यो । आभासकी आमाको मुहार मलिन थियो । मुस्कान खोसिएको ओठ काला निला फुस्रा भएका थिए । आँखाका डिलमा खुम्चिएका मुजा काला हुँदै गएको थियो । तौल घटेर आधी ज्यान भैसकेकी थिइन् । मनमा व्यापक खिन्नता थियो डाको छाड्न मात्रै मन लाग्थ्यो । बिचरीलाई डाको छाड्न त के आँसु झार्न पनि बन्द कोठाको आवश्यकता पर्थ्यो । रात परेपछि सुँक्कसुँक्क रोदन बिस्तारै बढ्दै डाँकोमा परिणत हुन्थ्यो । रोदन अन्तिम चरणमा श्रीमान् पनि सामेल हुन्थे । भन्थे, “के गर्नु बुढी हाम्रो भाग्यै खोटो रैछ । सम्हालिनु पर्छ रोएर बिलौना गरेर छोरो फर्किदैन ।” वाक्य सकिन्जेलसम्म उनको गहले आँसुका भेल बहाइसकेको हुन्थ्यो । जोडबल लगाएर मनलाई रोक्थे तर आँसु रोक्न हत्केलाको पछिल्लो भाग मात्रै सामर्थ्य हुन्थ्यो । “सुत भोलि बिहान फेरि आमा कराउनु हुन्छ । नातिलाई फोन गर भन्नुहुन्छ । नातिलाई भेट्छु भन्नुहुन्छ । कसरी भेटाम् कसरी देखाम् । के जवाफ दिम् ।” आभासको हजुर आमा दुईपटक मुटुको अप्रेसन गरेकी दिनमा नौ थरी ओखतीको भरमा थिइन् । डाक्टरले उनलाई कुनै मानसिक आघात पुग्ने खबर नदिनु तनावबाट मुक्त राख्नु भनेर सल्लाह दिएका थिए । आफ्नी बिरामी आमालाई यस्तो विस्मयको खबर कसरी दिने के गरी दिने कतिन्जेल लुकाउने उसको मनमा ठुलै हुण्डरी चलिरहन्छ । आभासकी आमा बोल्छिन्, “बिचरी कृति । उसको बेहाल देख्दा उसको गति देख्दा मन थाम्न गाह्रो हुन्छ ।” “कैले भेट्यौ ? कस्तो छ अवस्था औषधीले काम कत्तिको गरिरहेको रहेछ ?” “तीन दिनअघि आभासको लागि स्मार्ट घडी पठाएकी छे । झगडा भयो रे मेरो तर्फ बाट आभासलाई सरि भन्दिनु न है मम्मी भनेकी थिई । उसको फोन मेसेजको क्यै रिप्लाई गर्दैन भन्दै थिई ।” “मेरो बाबू ! मेरो मुटु ! कसरी उठावोस् फोन कसरी गरोस् मेसेज ।” आमाको भक्कानो फेरि फुट्यो । अब बाउसँग पनि सम्झाउने बुझाउने शब्द र शक्ति दुवै सकिएका थिए । वेटर फेरि दिक्क मानेर कृतिलाई हेर्दै थियो । कालो चस्मा टाउकोमा राखेर मस्किदै क्याफे छिर्दै थिइन् कृति । केही बोल्दै पनि सायद एक्लै होइन आफ्नो छेउमा भएको मान्छेसँग । “आज फेरि एक्लै आएर दुइटा कफी मागेकी छे ? पैसा कति वटाको दिन्छे ?” मेनेजरले जिज्ञासा भाव वेटरलाई सोध्यो । “टिप्स पनि दिएर सबै पैसा तिरेर जान्छे ।” वेटरले जवाफ भावमा भन्यो । “अनि किन उनको कफी लेट गर्दैछस् ?” मेनेजरले आदेश भावमा भन्यो । त्यो भनेको चार मिनटमा कृतिको टेबलमा दुईवटा कफी र दुईवटा चुरोट टक्राएर वेटर फर्कियो । कृतिको धन्यवादको रिप्लाईमा वेलकम म्याम भन्दै । उसले आर्को कफीको कप छुँदा पनि छोइन आफ्नो तर्फ भएको कफी रित्याइ । बिस्तारै आनन्दले चुरोट पनि तानी । बिचबिचमा हाउभाउ देखाई । केहीबेर फिस्स मुस्काई एकछिन पछि गलल्ल हाँसी । निधारमा कहिले गाँठो पर्थ्यो कहिले फेरि गालामा डिम्पल । कैले लाली भरिन्थ्यो गालाभरि मोहनी लागेझैं मडारिन्थी क्याफेको सोफामा । कैले आभासले उसको गाला सुमसुम्याउँथ्यो । एक्कै छिनमा चिमोट्थ्यो । एकछिन आभास मोबाइल हेर्थ्यो । एकछिनमा रिसाउँथ्यो । क्याफेमा भएकाहरूको आँखा छलेर आभासले कृतिलाई चुम्बन गऱ्यो । गाला सुमसुम्याउँदा ऊ फिस्स हाँसी । मोबाइल चलाउँदा निधारमा गाँठो पारी । आभास रिसाए झैं गर्दा फकाउन गालाको डिम्पल देखाई । आभासको चुम्बन पछि उसको मुहार पुरै रातो भयो । अझ आभास एकान्तको फाइदामा आफ्ना हत्केला उसका अंगहरूका स्पर्शको दौडमा हुँदा उ मडारिन्थी सोफाभरि लत्रक्क पर्थी । आभासको आभास पूरा शरीरभरि म्याराथनमा दौडन्थे । कृति नतमस्तक हुन्थी आभाससँगै कहाँ कहाँ पुग्थी । तर एक्लै । उनको बिमारीले पुऱ्याउँथ्यो । सायद आभासको मायाले वा आभासको अभावले सायद आभास नहुनु नै कृतिको आभास थियो । वा आभास आफैमा कृति थियो । कि कृति मात्रै आभास गर्थी । कि आभासले कृतिको मनमा क्यै आभास दिन्थ्यो । आभास वास्तवमा त विदेशमा मरिसकेको थियो । तर कृतिको बिमारीमा सायद मनमा सायद कफी सपमा मात्रै भएपनि आभास जिन्दा थियो कृतिको लागि । कृति कफी सपबाट पैसा आभासले तिर्ने पालो भनेर निस्किई । मेनेजर अक्क न बक्क भयो । वेटरले मेनेजरको मुखमा एकटकले हेऱ्यो । लौ पैसा दिन्छे हैन भनेको भावमा । एकछिनमा एम्बुलेन्स कफी सपको पार्किङसम्मै आइपुग्यो । स्ट्रेचरमा हालेर कृतिलाई एम्बुलेन्स चढाईंदै थियो । मेनेजर अचम्मित मान्दै एम्बुलेन्स नियाल्दै थियो । पछाडिबाट आवाज आयो, “केही खाएकी थिई र ? पैसा तिर्न बाँकी छ ?” मेनेजरले दुई कफी र दुई चुरोटको बिल दियो । आभासको आमाको मनमा भान आयो - मेरो छोरो कम्तीमा यहाँ कफीसपमा त जिउँदो छ, कृतिको आभासमा त जिउँदो छ । उनले बिल तिरिन् अनि मुस्कुराउँदै मेनेजरलाई भनिन्, “यी नानीलाई कहिल्यै एउटा मात्रै कफी नदिनु ल ।” *-साहित्यपोष्ट डटकम*

कृति/समिक्षा — निरञ्जन पौडेल

## मृत्यु माथिको विजय

मृत्युसँग सम्झौता गरेर जीवन जित्नु नै मृत्युञ्जय हो । संसारमा कमै मानिस होलान् जसले मृत्युञ्जय प्राप्त गरेका छन् । ती मध्येका महापुरुष हुन गोविन्द पहाडी, भनिन्छ, समय नआए पछि मानिस केहि गरेपनि संसारबाट टाढिन सक्दैन । पर्वत जिल्ला, शिवालय गा.वि.समा वि. सं. २०३९ सालमा जन्मिएका पहाडी २०७० जेठ २ मा मुस्ताङ्मा भएको विमान दुर्घटनामा बाँच्न सफल अर्थात पूर्नजन्म प्राप्त गर्ने व्यक्ति हुन् । निश्चल, शान्त सुसाइरहेकी कालीगण्डकीको छातीमाथि विमान दुर्घटना भएपछि उनले खोलाको पानीसँग तरङ्गिदा तरङ्गिदै आफ्नो जीवन बचाउन गरेको संघर्ष यस पुस्तकका पानाभरि छरपस्ट छन् । उनले दुर्घटनाको सम्पुर्ण विवरण तथा दुर्घटना पर्दा विमानभित्र भएका क्रियाकलाप र बाहिर निस्किए पछिका अनुभव पुस्तकका माध्यमबाट साटेका छन् । विश्वमा हवाई मार्गलाई निकै महँगो यात्राको माध्यम मानिन्छ ।

छोटो समयान्तरमा लामो दुरी यात्रा गर्नका लागि सजिलो र अन्तर्राट्रिय स्तरमा सुरक्षित मानिएको हवाई यात्रा नेपालको लागि भने खतरनाक साबित हुदै आएको छ । दुर्घटनाको समयमा भएका सबै घटनालाई ध्यान दिएर पढ्ने र मनन् गर्ने हो भने सबैको आङ् सिरिङ्ग हुन्छ । हाम्रो कोही आफन्त पनि विमान दुर्घटनामा परेको समय बारे हामी कल्पना पनि गर्न सक्दैनौं । लेखक पहाडी जो विमान दुर्घटनामा परेर पनि हामीमाझ फर्किए, उनका आफन्तको चिन्ताको बारेमा हामी कल्पना पनि गर्न सक्दैनौं । उनले पुस्तकमा विमान दुर्घटनामा परेको खबर सार्वजनिक भएपछि आफन्त र घर-परिवारमा मच्चीएको कोलाहलपूर्ण अवस्था अक्षरका माध्यमबाट चित्रण गरेका छन् । उनीसँगै विमान दुर्घटनामा परेका अन्य यात्रुले दुर्घटनाबारे कुनै टिप्पणी वा लेख प्रकाशनमा ल्याएका छैनन्, सायद कालीगण्डकीको करेन्टजस्तै भावना भएका पहाडी र उनको साहित्य प्रतिको लगावले अनुभवलाई लिपीवद्ध गर्नका लागि प्रेरित गऱ्यो । यस संस्मरणको बगाईलाई शब्दले निर्देशित गरेको छ, फरक यत्ति मात्रै छ की उनी चढेको विमान पाइलटको निर्देशनमा थियो तर पुस्तकका शब्दका पाइलट भने पहाडी स्वयं छन् । एक पटक मृत्युलाई परास्त गरेर फर्किएको मानिस आफ्नो जीवनभर कहिल्यै पनि त्यो दुर्घटना भएको ठाउँमा जाने इच्छा राख्दैन । तर उनले ती सबै डर र भयलाई पन्छाउँदै दुर्घटनामा परेको ठाउँ र पुर्नजन्म पाएको स्थानको अवलोकन गरि त्यहाँ पुगेर देखेका कुरालाई पुस्तकमा निसङ्कोच उल्लेख गर्नुले पनि उनको मनोवललाई अझ परिभाषित गरेको छ । उनको साहस र बहादुरीताले हामीलाई दुर्घटना स्थलै नपुगी दुर्घटना हुँदाको र पछिल्लो अवस्थाका बारेमा विस्तृत चित्र मस्तिष्कमा सजिलै बनाउन सक्छौं । यस संस्मरणले दुर्घटनाको समय मात्र नभई नेपालको भौगौलिक अवस्थाको बारेमा पनि जगाउनु पर्ने नेपालको चिनारी दिएको छ ।

कालीगण्डकी खोलामा राखिएका ग्याविनको संख्या केही घटाई त्यहाँ विदेशी पर्यटकलाई ऱ्याफ्टिङका लागि राम्रो स्थान दिन सक्छ भन्ने सम्भावनालाई पुस्तकमा दर्साइएको छ । विमान दुर्घटनामा भएको लामो समयसम्म पनि विमान दुर्घटना हुँदा भत्किएको काँडेतार नमिलाइएको कुराले नेपाली अल्छीपनलाई जिस्काईरहेको आभाष हुन्छ । मानिसको बाहिरी व्यवहार र बोलीचालीले उसको व्यक्तित्व वा स्वभावको बारेमा थाहा दिन्छ भनेझैं कालीगण्डकीको किनारका छरपस्ट काँडेतारले नेपालको राजनैतिक अवस्था लथालिङ्ग र भताभुङ्ग छ भन्ने प्रस्टाई रहेको छ । नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाईन्समा रहेको बेथितिले पनि यसलाई अझै प्रमाणित गरेको छ । सन्दर्भमै लेखकले दुर्घटनामा हराएका सामानको बिमा रकम लिनका लागि जाँदा उनले पाएको दुखले नै देखाउँछ । नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल एयरलाईन्स सरकारी भए पनि कति पैसामुखी र व्यापारमुखी छन् भन्ने कुरा लेखकले आफ्नो विमा वापत पाउने क्षतिपुर्ति पाउनका लागि चार महिना सम्म पनि गरेको दौडधुप उपलब्धि शुन्य भएको अवस्थाले प्रस्ट्याउँछ । तर समस्याको उठान गर्दै त्यसलाई छोडिदिने भन्दा पनि पहाडीले यसका समाधानका लागि केही सुझाव पनि पुस्तकमा उल्लेख गरेका छन् । हामी दैनिक रूपमा आफ्नो घर आँगन र शरीरका बाहिरी अंग सफा राख्न तल्लीन रहन्छौं तर हामी आफ्नो दिमाग सफा गर्न भने सधैं बिर्सन्छौं । अहिले हामीले भोग्दै आउनु परेको पीडा र दु:खको कारण यही फोहोर भरिएको दिमाग हो भन्दै नेपालीलाई आफ्नो दिमाख पनि सफा गरि एक शानदार जीवन बिताउन लेखकले सुझाएका छन् । उनले यो कुरालाई दुर्घटना पछि विमान चढ्दा लागेको डर पाठकसँग साटेका हुन् । केवल व्यापारमा मात्र जोड दिने, नाफामा मात्र आँखा लगाउने निकाय सेवाग्राहीप्रति जवाफदेही नहुने, उनीहरूको आवश्यकता र भावनासँग खेलवाड गर्नु घोर अस्वीकार्य पक्ष हो । पहाडीले आफ्ना ती सामानको क्षतिपुर्तिको आशालाई मार्न सक्नु नै ठूलो कुरा हो भन्नु पर्छ किनभने मानिसको जीवन अमूल्य हुन्छ । त्यसैले पनि उनले बीमाको आश छाडेर आफ्नो जीवनलाई अघि बढाउनु पर्छ भन्ने मान्यताका साथ उनले आफू अघि बढ्ने प्रतिबद्धता पुस्तकको ७५ औं पृष्ठमा व्यक्त गरेका छन् ।

बिमाको पिछा कति र कहिलेसम्म गर्नु ? मलाई अब बिमा बारेमा प्रसङ्ग उठाउनै मन लाग्न छाडेको छ । बाँच्नुभन्दा ठूलो कुरा जिन्सी सामान होइन । नियमले मिल्छ भन्ने जानकारी पाएको भएर मात्र बिमाको कुरामा चासो दिएको हो । कार्यालयले बेवास्ता गरेपछि भैहाल्यो भन्नेमा पुगेको छु । हामी आफै पनि विचार गर्न सक्छौं के विमान कम्पनीबाट हराएका सामानको क्षतिपूर्ति रकम विमान कम्पनिको खाताबाट निकाशा हुँदैन होला र ? नेपालको एकमात्र सरकारी हवाई उडान सेवा प्रदायक नेपाल एयरलाईन्स दिनानुदिन घाटामा जानुले यसका काम कारबाहीमा पनि सुस्तता ल्याइदिएको छ । नेपाली वायुसेवा कम्पनीको लापरवाहीलाई व्यङ्ग्य गर्दै पहाडीले सांकेतिक रूपमा पुस्तककै ८९ पृष्ठमा लेखेका छन् : ‘अब त जहाजको टिकट लिने बेलामा जहाजको उमेर पनि सोधपुछ गर्नुपर्ने भयो ।’ नेपाली वायुसेवा प्रदायकको लापरवाही बढ्दै गयो भने यति पक्का छ की हवाई यात्रुहरूले विमानको टिकट काट्दाको समयमा यस्तो पनि सोध्नुपर्ने दिन आउन सक्छ एक्सक्युज मी - म चढ्न लागेको विमानमा के- के सामान छन् ? मैले केही लैजानुपर्छ की जहाजमा नभएको ? अथवा जहाजको उमेरको बारेमा सोध्नुपर्ने अवस्था आउनेछ । सामान्य रूपमा विचार गर्दा यो कुरा ठट्टा जस्तो लाग्न सक्छ तर वास्तविकता निकै तीतो हुन्छ भनेझैं नेपालीहरूले पछि विमान सेवा प्रदायकको भित्री स्वार्थ थाहा पाएपछि जहाजका अर्न्तवस्तुको अवस्थाका बारे पनि टिकट काउन्टर मै प्रश्न गर्न थाल्दछन् । भनिन्छ समय सधैं एकनाश हुँदैन त्यसै गरि मानिसहरू सबै गोविन्द पहाडी जस्ता हुन सक्तैनन् जो मृत्युको मुखमा पुगि पुन: हामी माझ आइसकेका छन् । दुर्घटनाकाबारे अनुसन्धान गर्ने समितिका सदस्यको मिलोमतोका कारण दुर्घटनाको प्रमुख कारण पनि बाहिर नआउने कुराको खुलासा पुस्तकबाट गरेका छन् । उनको मृत्युञ्जय एक संस्मरणात्मक पुस्तक मात्रै नभइ एक खोजपूर्ण कुराका संग्रह वा खुलासाले भरिएको ग्रन्थको रूपमा पनि चित्रण गर्न सकिन्छ । पुस्तकमा विभिन्न समयमा भएका हवाइ दुर्घटना र यसका कारण र अनुसन्धान पछि बनाइएका प्रतिवेदनका बारेमा पनि उल्लेख गरेका छन् । नेपालमा भइरहने विमान दुर्घटनाका कारणबारे अनुसन्धान गर्न समिति बनाइएपनि ती समितिका प्रतिवेदन हात्तीको दाह्रा जस्तै हुने खुलासा गरेका छन् । पुस्तकको पृष्ठ ९० मा उल्लेख गरिएको छ : प्रत्येक हवाइ दुर्घटना पछि सरकारले छानबिन समिति गठन गर्दछ । रामेश्वर थापाका अनुसार छानबिन समितिले तयार पार्ने प्रतिवेदनहरू सार्वजनिक दस्तावेज बन्नु पर्ने हो तर अधिकांश प्रतिवेदनहरू गुपचुप हुने गर्दारहेछन् । यी संस्मरणका अंशबाट हामीले नेपालमा किन समय समयमा हवाइ दुर्घटना भइरहन्छन् भन्ने कुरा सजिलै बुझ्न सक्छौं । कुनै पनि हवाइ दुर्घटना पछि त्यसको कारणबारे विस्तृत रूपमा अध्ययन एवं अनुसन्धानका लागि समिति बनाइएपनि तथ्यगत कुरा कहिल्यै पनि सार्वजनिक हुँदैनन् । यसलाई नै हामी नेपालमा बेला-बेलामा हुने हवाइ दुर्घटनाको कारकको रूपमा लिन सक्छौं । यी दुर्घटना नियन्त्रणका लागि ती प्रतिवेदन अध्ययन हुनु जरूरी छ । यदी ती सबै प्रतिवेदनहरू लुकाइन्छ भने कसरी भावी दुर्घटनालाई हामीले टार्न सक्छौं र ? पहाडीले दुर्घटनाका प्रतिवेदनका अवस्थाका बारेमा पनि आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

विमान दुर्घटनाका प्रतिवेदन राख्ने नागरिक उड्ययन मन्त्रालयमा यसको खोजी गर्नु भनेको गहिराइमा पुगेर मोती टिप्नु सरह भएको उनको अनुभव छ । यस अनुभवले नेपालको विज्ञान-प्रविधिको क्षेत्रमा रहेको पछ्यौटेपनलाई स्पष्ट बनाइदिएको छ । विमान दुर्घटना प्रतिवेदन जस्तो महत्वपूर्ण कुरा पनि राम्रो सुरक्षित रूपमा नराख्नुले नेपाल सरकारको लाचारिपन पनि दर्साउँछ । पुस्तक अनुसन्धान, भोगाइ र तथ्यले पूर्ण छ । मृत्युञ्जयमा दुर्घटना पर्दाका घटनाबारे लेखिए पनि यसमा साहित्यदेखि मानिसले आफ्नो जीवनकाल भरि भोग्नुपर्ने तीता-मीठा घटना र कल्पनालाई समेटिएको छ । यसका जीवन उपयोगी सन्देशले मानिसलाई उर्जा दिन्छ । मृत्युञ्जयको अध्ययन पश्चात कसैले पनि आफ्नो जीवन र आफ्नो अस्तित्वको महत्वबारे थाहा पाउँछन् । शब्दको लहरासँग खेल्दै-खेल्दै पुस्तकमा नेपालमा हुने गरेका विमान दुर्घटनाका यथार्थको तीता कारणलाई समेट्न सफल पहाडीको संस्मरण साँच्चै जीवन उपयोगी छ । आगामी दिनहरूमा पनि समाज परिवर्तनमा सहयोग पुऱ्याउने खालका कृति पढ्न पाइयोस् भन्दै साधुवाद् !

*-समकालीन साहित्य डटकम*

# रानीमहल संरक्षणका लागि सभामुखलाई ध्यानाकर्षण



**पाल्पा,** बैशाख १४/पाल्पाको पर्यटकीय तथा ऐतिहासिक रानीमहल दरबार संरक्षणका लागि संघीय संसद्का सभामुख देवराज घिमिरेको ध्यानाकर्षण गराइएको छ ।

शुक्रबार संघीय संसद् र प्रदेश सभा तथा सचिवालयबीच अन्तर व्यवस्थापिका सम्बन्धी भेलामा सहभागी हुन पाल्पा आएका बेला रानीमहलको अवलोकन गर्न रानीमहल पुगेका घिमिरेलाई पाल्पाका जनप्रतिनिधिहरुले रानीमहल दरबार संरक्षणका लागि सहयोग गर्न ध्यानाकर्षण गराएका हुन् । संघीय सांसद ठाकुर गैरे, तानसेन नगरप्रमुख सन्तोषलाल श्रेष्ठ लगायतका पाल्पाली जनप्रतिनिधिहरुले रानीमहललाई तप व्यवस्थित र सुन्दर बनाउने दिशामा योजना बनाएर अगाडि बढ्ने कार्यमा सहयोग गरिदिन सभामुख घिमिरेलाई आग्रह गरेका छन् । रानीमहल क्षेत्रको अवलोकनपछि सभामुख घिमिरेले पर्यटकीय क्षेत्र रानीमहललाई प्रमुख आकर्षण गन्तव्य बनाउन आफुले पहल गर्ने बताए । उनले भने 'यस विषयमा सदनमा प्रतिनिधिसभा र प्रदेशसभाको ध्यानाकर्षण हुनेछ ।' सभामुख देवराज घिमिरे, राष्ट्रियसभाकी उपाध्यक्ष विमाल घिमिरे, ७ वटै प्रदेशका सभामुख तथा उपसभामुख, केन्द्र तथा प्रदेशका सचिवहरुले रानीमहल दरवारको अवलोकन गरेका थिए ।

दरवार अवलोकन गर्न पुगेका अतिथीहरुलाई तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, उप प्रमुख प्रतिक्षा गाहा सिंजाली, प्रवक्ता यादवसिंह कार्की, प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिला वडा अध्यक्ष टुकप्रसाद भट्टराईले पाल्पाली ढाका टोपी र पछ्यौराबाट सम्मान समेत गरेका थिए ।

# इलाम र बझाङमा आज...

...इलाम- २ मा निर्वाचित प्रतिनिधिसभा सदस्यमा नेकपा एमालेबाट निर्वाचित सुवास नेम्वाङ र बझाङ- १ (१) मा निर्वाचित नेपाली काँग्रेसका पृथ्वीबहादुर सिंहको निधनपश्चात रिक्त हुनपुगेका दुबै क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो । नेम्वाङको विरामीका कारण २६ भदौमा र सिंहको गत २५ असारमा गाडी दुर्घटनामा निधन भएको थियो । इलाम- २ मा लामो समयदेखि एमाले र कांग्रेसबीचमै मुख्य प्रतिस्पर्धा हुँदै आएको छ । यद्यपि २०५६ देखि लगातार एमालेका सुवास नेम्बाङले नै जित्दै आएका थिए । ०७९ को प्रतिनिधिसभा निर्वाचनमा नेम्बाङ ३० हजार २० भोट ल्याएर विजयी बन्दा कांग्रेसका डम्बरबहादुर खड्काले २९ हजार ६ मत पाएका थिए । यसरी जितहारको अन्तर ११४ मत थियो । यसपटक उपनिर्वाचनमा पनि कांग्रेस-एमाले नै मुख्य प्रतिस्पर्धी देखिन्छन् । एमालेले आफ्नो विरासत कायम गर्ने उद्देश्यले इलाममा नेता सुवासका कान्छा छोरा सुहाङ नेम्बाङलाई उम्मेदवार बनाएको छ भने कांग्रेसले गएको निर्वाचनमा पराजित खड्कालाई पुनः अगाडि सारेको छ । खड्का इलाम कांग्रेसका पार्टी सभापति पनि हुन् । यसपटकको निर्वाचनमा रास्वपा हौसिएर लागेकाले प्रतिस्पर्धा थप रोचक बनाएको छ ।

रास्वपाले माओवादी केन्द्रनिकट पत्रकारको संगठनमा आबद्ध मिलन लिम्बुलाई भित्र्याएर उम्मेदवार बनाएको छ । उनी पहिचानको मुद्दा उठाउँदै आएका पात्र पनि हुन् ।


## शिक्षक आवश्यकता

मिति: २०८१/०१/१४

शिक्षा विकास तथा समन्वय इकाई तानसेन पाल्पाको मिति २०८१/०१/१० च.न. १३०४ अनुमती पत्र अनुसार यस विद्यालयको तपशिल अनुसारको रिक्त दरवन्दीमा खुल्ला विज्ञापनद्वारा अस्थायी करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकबाट योग्यताका प्रमाणपत्रहरू सहित दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**
**विज्ञापन नं. :** १, **पद संख्या :** १, **तह :** नि.मा.वि.
**विषय :** सामाजिक, **दरखास्त दस्तुर :** रु ७००/-
**शैक्षिक योग्यता :** सामाजिक समुह भित्र पर्ने विषयहरू मध्य कुनै एक विषय (२०० पूर्णाङ्क) लिई कक्षा १२ वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ।
**विज्ञापन नं. :** २, **पद संख्या :** १, **तह :** साविक उ.मा.वि.
**विषय :** लेखा, **दरखास्त दस्तुर :** रु १०००/-
**शैक्षिक योग्यता :** व्यवस्थापन संकायमा स्नाकोत्तर तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको (लेखा विषयलाई प्राथमिकता दिइने)
**उमेर :** दरखास्त दिने अन्तिम दिनसम्म १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
**तलब भत्ता :** प्रचलित स्केल अनुसार
**निवेदन दिने अन्तिम मिति :** २०८१/०१/२८ गते (४.०० बजे भित्र)
**सम्पर्क मिति :** पछि प्रकाशन गरिने छ ।
**परीक्षाको किसिम :** लिखित परीक्षा (सामान्य र विषयगत) र अन्तरवार्ता
**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** नेपाली नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमतीपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरू र अनुभवका प्रमाणपत्रहरूको प्रतिलिपिहरू
**सम्पर्क नं :** ९८५७०६२६६९
**पूनश्चः** नि.मा.वि तहमा शिक्षक सेवा आयोगबाट करार नियुक्ति लागि सिफारीस भएका करार योग्यताक्रम सूचिका उमेद्वारहरुले आवेदन दिएमा योग्यता क्रममा माथिल्लो क्रमको उमेद्वारलाई प्राथमिकता दिइने छ ।

**श्री त्रिभुवन माध्यमिक विद्यालय**
तानसेन नगरपालिका-१४, अर्गली, पाल्पा



**वर्गिकृत डिस्प्ले**
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१


खेलकुद समाचार

## उसुमा नेपाललाई २ रजतसहित ६ पदक



**काठमाडौं,** बैशाख १४ अन्तर्राष्ट्रिय उसु महासंघको आयोजनामा चीनमा भएको अन्तर्राष्ट्रिय उसु आमन्त्रित प्रतियोगिता २०२४ मा नेपालले ऐतिहासिक नतिजा निकालेको छ । प्रतियोगितामा नेपालले उत्कृष्ट प्रदर्शन गर्दै २ रजत र ४ कास्य पदकसहित कुल ६ वटा पदक जितेको हो ।

चीनको जियाङ्सु प्रान्तको जियानझिङमा भएको प्रतियोगितामा नेपालले सान्सौं विधातर्फ एकलमा २ रजत र २ कास्य पदक जितेको हो । यस्तै थाउलो विधाको एकल र टिम इभेन्टमा पनि नेपालले समान १ कास्य पदक जितेको हो । सान्सौं विधाको पुरुष ८० केजी तौल समूहमा सञ्जीव महर्जन र सोही विधाको महिला ५६ केजी तौल समूहमा विद्या गुरुङले रजत पदक जितेका हुन् । बिहीबार भएको खेलमा सञ्जीव इरानी खेलाडीसँग र विद्या टर्कीकी खेलाडीसँग फाइनलमा पराजित भएको चीनबाट उसु प्रशिक्षक निकेश श्रेष्ठले जानकारी दिए । स्वर्ण पदक ल्याउन नसके पनि सञ्जीव र विद्या दुबै आगामी नोभेम्बरमा अस्ट्रेलियामा हुने उसुको सान्सौ विश्वकपमा छनोट हुन सफल भएको पनि श्रेष्ठले जानकारी दिए । विद्याले बंगलादेशी खेलाडी मोष्ट शिखा खातुनलाई सेमिफाइनलमा ११-३, ७-३, १२-१, १०-५ र ४-१ ले हराउँदै फाइनलमा पुगेकी थिइन् । तर फाइनलमा पराजित भइन् । यस्तै सञ्जीवले सेमिफाइनलमा सेनेगलका खेलाडीलाई स्तब्ध पारेका थिए । सान्सौंतर्फ नेपाल यसअघि नै बुधबार २ वटै कास्य पदक जितेको थियो । जसमा लुमन्ती श्रेष्ठले महिला ६५ केजी र किरण सिंह साउदले ९० केजी तौल समूहमा कास्य पदक जितेका थिए । दुवै खेलमा सेमिफाइनलमा टर्कीका खेलाडीसँग सेमिफाइनलमा पराजित भएका थिए । यस्तै प्रतियोगिताको अन्तिम दिन बिहीबार थाउलो विधाको नान्छ्वानमा नेपालका दिपक हमालले ९.६६३ स्कोरसहित कास्य पदक जितेका हुन् । त्यस्तै थाउलोतर्फकै तुईलिन विधाको टिम इभेन्टमा पुरुषतर्फ नेपालका विजय सिन्जाली, दिपक हमाल र राजीव तामाङ पुरुष टिम इभेन्टमा कांस्य थपे ।

यस्तै विजय सिन्जालीले छ्यान छुवान बिधामा २९ जना प्रतिस्पर्धी टप ५ मा पर्न सफल, निमा मगर नान छान विधामा टप ४ मा पर्न सफल भएको प्रशिक्षक निकेश श्रेष्ठले जानकारी दिए । नेपाल उसु महासंघका महासचिव तथा नेपाली टोलीका नेतृत्वकर्ता ल्हाक्पा छिरिङ लामाले नेपाली खेलाडीले चीनमा ऐतिहासिक नतिजा निकालेको प्रतिक्रिया दिएका छन् । अन्तर्राष्ट्रिय प्रतियोगितामा २ रजत र ४ कास्य जित्नु नेपाली उसुका लागि निकै उपलब्धिमूलक रहेको उनले बताए । नेपाली टोली सोमबार स्वदेश फर्किने प्रशिक्षक श्रेष्ठले जानकारी दिए ।

अर्थ/कर्पोरेट समाचार

## फेरि उकालो लाग्यो सुनको भाउ




**पाल्पा,** बैशाख १४/सुनको मूल्य फेरि उकालो लागेको छ । केही दिन सुनको मूल्यमा गिरावट आए पनि अहिले पुन: उकालो लागेको हो ।

अघिल्लो दिनको तुलनामा शुक्रबार एकैदिन तोलामा १ हजार ४ सय रुपैयाँ मूल्य बढेको छ । अघिल्लो दिन प्रतितोला १ लाख ३५ हजार ८ सय रुपैयाँमा कारोबार भएको सुन शुक्रबार १ लाख ३७ हजार २ सय रुपैयाँ कायम भएको छ । अन्तर्राष्ट्रिय बजारमै मूल्य बढेपछि त्यसको प्रभाव नेपाली बजारमा देखिएको छ । यसअघि वैशाख ९ गते सुन १ लाख ३९ हजार ३ सय रुपैयाँ पुगेको थियो । चाँदीको मूल्य पनि तोलामा १० रुपैयाँ बढेको छ । अघिल्लो दिन तोलामा १ हजार ६ सय ५५ रुपैयाँ रहेको चाँदी १ हजार ६ सय ७५ रुपैयाँ पुगेको छ । सुनको भाउले यतिबेला विश्व बजार नै तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।


मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई